ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य

घर नं.: ५७/६२, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११४८६
फोन: ००९७७-१-४५७५२६२, ४५७५०६२, फ्याक्स: ००९७७-१-४५७५११२
इमेल: trans@tinepal.org, वेभसाइट: www. tinepal.org, tinepal

जि.प्र.का. काठमाडौं दर्ता नं. ८७/०५३/०५४, समाज कल्याण परिषद् आ.नं.१४०११
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

## नव निर्वाचित जनप्रतिनिधिहरुलाई बधाई

सफलतापूर्वक सम्पन्न प्रतिनिधि सभा निर्वाचनको परिणामले नेपाली जनताको सुशासन र समृद्धिको चाहनालाई अभूतपूर्व प्रदर्शन गरेको छ । युवा पुस्ताको भावना र संलग्नता अंगालेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई प्राप्त अत्यधिक जनमत लगायत सम्पूर्ण राजनीतिक दलबाट विजयी जनप्रतिनिधिहरुलाई ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल बधाई ज्ञापन गर्दछ ।

कानूनी राज्यको उपहास गर्दै चरम भ्रष्टाचारले देशको अवस्था सोच्नै नसक्ने गरि कमजोर र शिथिल बनाउन जिम्मेवार राजनीतिक दल र प्रतिनिधिहरुलाई पाखा लगाउन सफल यस निर्वाचनले लोकतान्त्रिक प्रणालीमा जनविश्वास थपेको छ ।

यस अभूतपुर्व जनादेशका साथ नेपाली नागरिकले गरेको बिश्वासलाई अब गठन हुने प्रतिनिधी सभा र संङ्घीय सरकारले पूर्ण सम्मान गरोस् भन्ने जनचाहना रहेको छ । निर्वाचनमा मत माग्दा जनता सामु गरेका बाचाप्रति पूर्ण प्रतिवद्ध रही कुनै पनि बहानामा विलम्ब हुँन नदिई आम नागरिकले सुशासनको स्पष्ट अनुभूति गर्ने गरि सरकारले काम गर्नेछ भन्ने अपेक्षा गर्दछौं ।

नवनिर्वाचित जनप्रतिनिधिहरु र राजनितिक दलहरुद्वारा मुलुकलाई लोकतन्त्र (Democracy) को आवरणमा हुने लुटतन्त्र (Kleptocracy) बाट मुक्त गरि राजनीतिमा इमान्दारीता स्थापित गर्दै जनादेशबाट प्राप्त सत्ता र शक्ति निजी वा दलीय स्वार्थका लागि नभई पूर्ण रुपमा जनहितमा प्रयोग हुने परिपाटी स्थापित होस् भनि ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल हार्दिक अनुरोध गर्दछ ।

मदन कृष्ण शर्मा
अध्यक्ष
२०८२ फागुन २६